बैठक संख्या : २१ स्थान : राप्ती न.पा. वडा नं. ७ कार्यालय

मिती : २०७४।११।२७ गते समय : साझ ५:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा न ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**प्रस्तावहरु**

१. समिक्षा गोष्ठी (योजना, आर्थिक) सम्बन्धमा ।
२. अपाङ्ग राष्ट्रिय कोषको कार्यक्रम सम्बन्धमा ।
३. विभिन्न आर्थिक सहयोग सम्बन्धमा ।
४. नगरपालिका पूर्ण खोप घोषणा सम्बन्धमा ।
५. वासवाङ्ग हेल्थपोष्ट सम्बन्धमा ।
६. प्लाष्टिकको झोला मुक्त नगरपालिका घोषणा र कपडाको झोला वितरण सम्बन्धमा ।
७. न्यायिक समितिको गोष्ठी सम्बन्धमा ।
८. तालिम संचालनको नर्म्स/मापदण्ड स्वीकृत गर्ने ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती नगरपालिकाबाट २०७४ श्रावण देखि २०७४ फागुन सम्म सम्पादन गरेका कामको प्रगति, कार्यान्वयन चरणमा आई परेका समस्या र सामाधानका उपाय पहिल्याई भावि रणनीति समेत तयार गर्ने कार्यको लागि उक्त अवधिका समिक्षा गर्न मिती २०७४।११।७ गते बुधबार ११:०० बजे राप्ती नगरपालिका ७ विरेन्द्रनगरमा कार्यपालिका सदस्य, कार्यालयमा शाखा प्रमुख समेतको उपस्थितिमा १ दिने समीक्षा गोष्ठी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा अपाङ्ग कोषको मिति २०७४।११।२२ को पत्रबाट २०७४।१२।६ गते अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक कृतिम अंक राख्नको लागि नामजाँच शिविर राख्ने भन्ने लेखी आएकोले उक्त दिन स्वास्थ्य चौकी भण्डारामा कृतिम अंग राख्न आवश्यक र इच्छुक फरक क्षमता भएका, र सेतो छडी लिन आवश्यक भएका व्यक्तिहरुलाई सो सिविरमा ल्याउन आ-आफ्नो वडामा सम्बन्धित सबैलाई जानकारी दिई उक्त कार्यमा सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विभिन्न कार्यक्रम संचालन गर्न विभिन्न संघ संस्थाहरुले रकम माग गर्दै आएको सन्दर्भमा निश्चित मापदण्ड तयार गरि सो बमोजिम रकम अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकालाई मिति २०७४।१२।१७ गते ११ बजे स्वास्थ्य चौकी भण्डारामा एक कार्यक्रमको आयोजना गरि पूर्ण खोप युक्त नगरपालिका घोषणा गर्ने र सोको लागि आवश्यक आर्थिक व्यवस्थापन नगरपालिकाबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं.**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा राप्ती नगरपालिका वडा नं. १३ को वासवाङ हेल्थ पोष्ट संचालनको स्थल र व्यवस्थापन सम्बन्धमा सम्बन्धित वडाबाटै आवश्यक कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकालाई प्लाष्टिक झोला मुक्त नगरपालिका बनाउने सम्बन्धमा व्यापक प्रचार प्रसार गरी नेपाल सरकारबाट तोकिएको गुणस्तर भन्दा घटीको कालो प्लाष्टिक झोला प्रयोग नगर्न सूचना मुलक कार्यक्रम संचालन गर्ने र २०७५ बैशाख १ गते नमूनाको रुपमा कपडाको झोला वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

राप्ती नगरपालिकाको न्यायिक समिति, मेलमिलाप समिति नगर कार्यपालिकाका सदस्य र कर्मचारी विच न्यायिक समितिले सम्पादन गर्नुपर्ने काम कानूनी व्यवस्था र हाल भई रहेको काम कारवाही सम्बन्धमा जानकारी लिई अनुभव आदन प्रदान समेत गर्न आवश्यक भएकोले मिति २०७४।१२।८ गते ११ बजे विरेन्द्रनगरमा १ दिने गोष्ठी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नगरपालिकाबाट संचालन गरिने तालिम गोष्ठी सेमिनारहरुमा गरिने खर्चमा एक रुपता ल्याउन खर्च सम्बन्धी नर्म्स/मापदण्ड तोक्ने आवश्यक भएकोले देहाय बमोजिम नर्म्स/मापदण्ड स्वीकृत गरी सोही बमोजिम कार्य संचालन गर्ने निर्णय गरियो ।

# तालिम संचालनको नर्म्स

**१. स्थानीय प्रशिक्षकबाट सञ्चालन हुन सक्ने छोटो प्रकृतिको तालिमका लागि**

- कम्तीमा १:३० घण्टाको प्रतिदिन ४ वटा सम्म कक्षा संचालन गर्ने ।
- प्रशिक्षकको सामान्य व्यक्तिगत विवरण लिने ।
- कम्तीमा एउटा कक्षा नगरपालिकाबाट हुने ।
- कार्यक्रमको संचालन गर्दा नगरपालिका कार्यालय वा वडा कार्यालयबाट वडा अध्यक्ष वा वडा सदस्यको उपस्थिति हुने व्यवस्था गर्ने ।
- व्यानर खर्च रु १०००। सम्म ।
- प्रशिक्षकको लागि प्रशिक्षक भत्ता प्रति कक्षा रु २०००। पाठ्य सामाग्री (Hands out) उपलब्ध भएमा थप रु ५००।
- सहभागी स्टेसनरी प्रति व्यक्ति बढीमा रु १००।
- खाजा खर्च प्रति दिन प्रति सहभागी बढीमा रु १२५।
- एक प्रशिक्षक एक दिनमा बढीमा दुई कक्षा मात्र ।
- प्रतिवेदन लेखन टंकन बढीमा रु २०००।
- सञ्चार खर्च रु १०००।
- तालिममा सहभागी ४० जना सम्म मात्र हुने तर विषय तालिम प्रदान गर्ने स्थान हेरी सहभागी थप गर्न सकिनेछ ।
- सहभागी यातायात खर्च वडा नं. १० देखि १३ लागि रु ५००। प्रति दिन वडा नं. १-९ वडाको लागि रु ३००। प्रति दिन
- उद्घाटन समापन खर्च वढीमा ३०००।
- फ्याक्स फोटोकपी प्रमाण पत्र बढीमा रु २०००।
- विविध खर्च रु १५००।
- हल भाडा बढीमा रु २०००। प्रति दिन
- व्यवस्थापन संयोजक १ जना रु १५००। प्रति दिन
- सहायक कर्मचारी १ जना रु १०००। प्रति दिन
- सहयोगी १ जना रु ५००। प्रति दिन

**२. गर्भवती महिला पोषण कार्यक्रम**

- व्यानर रु १०००।
- संचार खर्च रु ५००।
- प्रतिव्यक्ति नगद वा वस्तुगत सामाग्री बढीमा रु २५००।
- वितरण समारोहको लागि एकमूष्ट रु ५०००।

**३. आवासीय तालिम भएमा यातायात खर्च आतेजाते खर्च १ पटक मात्र पाउने ।**